नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**केन्द्रीय पञ्जीकरण विभाग**
बबरमहल, काठमाडौं

पत्र संख्या: २०७३।०७४
चलानीनम्वर: ८७०

फो.नं. ०१४२३३८७९
फ्याक्स : ०१४२५८२४०

मिति : २०७३/१२/०७

विषय : <u>निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा</u>।

**श्री महानगरपालिका कार्यालय (सबै)**

प्रस्तुत सन्दर्भमा नागरिकको व्यक्तिगत घटना दर्तालाई ***VERSP-MIS*** मार्फत घटना दर्ता गर्ने क्रममा नेपाल सरकार, माननीय मन्त्रीस्तर (सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय) को मिति २०७३/११/३० को निर्णय अनुसार २०७४ जेष्ठ मसान्त सम्ममा सबै महानगरपालिका कार्यालयले केन्द्र तथा सबै वडाहरुबाट अनिवार्य रुपमा व्यक्तिगत घटना दर्ता ***व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यस्थापन सूचना प्रणाली (Vital Events Registration and Social Protection Management Information System – VERSP-MIS)*** बाट गराउनु पर्ने निर्णय भए अनुसार ***VERSP-MIS*** मार्फत व्यक्तिगत घटना दर्ता गर्न गराउनु हुन निर्णयानुसार अनुरोध छ।

अनिल कुमार ठाकुर
(महानिर्देशक)

**बोधार्थ :**

श्री नगरपालिका तथा वातावरण व्यवस्थापन महाशाखा,
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली संचालन गर्दा अपनाउनुपर्ने आधारभूत पूर्वाधारहरु :

- प्रत्येक वडा कार्यालयमा प्रिन्टर, कम्प्युटरको व्यवस्था गर्नुपर्ने
- घटना दर्ता गर्ने कार्यालयमा कम्तिमा १२८ Kbps को इन्टरनेट जडान गर्नुपर्ने
- नगरपालिकाको कार्यालयबाट घटना दर्ता गर्ने भएमा प्रत्येक वडाको VERSP-MIS मा छुट्टा छुट्टै वडा कार्यालयको Account खोली संचालन गर्नुपर्ने
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली संचालनको लागि तालिम आवश्यक परेमा तत्काल विभागमा सम्पर्क गर्ने

२०७३।१२।६

महानिर्देशक